"दिगो र तीव्र बिकास चौकुनेको रहर, गुणस्तरीय शिक्षा र व्यावसायिक कृषिमा लहर"

# चौकुने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गुटु, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

## नदीजन्य पदार्थको लागि बोलपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०७९/०७/२७

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२-क र यस गाउँपालिकाको गाउँसभाको निर्णय तथा यस गाउँ कार्यपालिकाको मिति २०७९ कार्तिक २० गतेको निर्णय बमोजिम तपशिलमा उल्लिखित नदीहरूको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी यस चौकुने गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भयकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले फर्मको नविकरण भएको प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी तपसिल बमोजिमका शर्तहरूको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।

### तपसिल

| सि. नं. | सूचना नं./ बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घन फिट) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मू.अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १. | CRM/NCB/ GOODS/02/ 2079-80 | नदीजन्य पदार्थ उत्खनन् गरि बिक्रि वितरण तथा निकासी गर्ने कार्य। | चैतुरुवा खोला बयरघारी भेरी छालसमेत-९९३४९० <br>तामाधारा खोला-९९६०२१ <br>विजउरा कर्णाली छाल-९९६८३४ <br>वसन्ती खोला -६३०११८ <br>घाटगाँउ कर्णाली छाल-७१४६५३ <br>कुमाला कर्णाली छाल र कर्पाखोला-७९५५५७ <br>कुल जम्मा- ५१२६६७३ घन फिट | १५३८००१९ | कबोल अंकको ३ प्रतिशत | ३०००/- |

### शर्तहरू:

१. कार्यालयबाट वोलपत्र खरिद गर्न चाहने वोलपत्रदाताले गाउँपालिकाको कार्यालय गुटु सुर्खेतबाट र विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरू डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/७९ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहितका कागजात पेश गर्नुपर्नेछ। बोलपत्र फाराम दस्तुर बापतको यस कार्यालयको लक्ष्मी बैंक शाखा कार्यालय गुटु, सुर्खेतमा रहेको यस कार्यालयको निम्न खातामा रकम जम्मा गर्नुपर्नेछ।

   कार्यालयको कोड- ८०१०६६८०७६ कार्यालयको खाता न- ०९६०३३०००००२२ राजश्व शिर्षक-१४२२९

२. बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ। बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

३. आफुले कबोल गरेको अंकको तीन प्रतिशतको दरले हुन आउने धरौटी रकम बिड सेक्युरिटि बाफत यस कार्यालयको लक्ष्मी.बैंक शाखा कार्यालय गुटु, सुर्खेतमा रहेको निम्न खातामा रकम जम्मा गर्नुपर्नेछ।

   कार्यालयको कोड- ८०१०६६८०७६ कार्यालयको खाता न- ०९६०३३०००१७२

   उक्त रकम जम्मा गरी सोको बैंक भौचर वा इजाजत प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी कम्तिमा १२० दिनको म्याद सहित जारी गरिएको विडवन्डको बैंक जमानत पत्र राखेको हुनुपर्नेछ।

४. खरिद गरेको बोलपत्र फारामहरूमा उल्लेख भएका सबै विवरणहरू भरी बोलपत्रहरूको प्रत्येक पानामा सही छाप गरी वोलपत्र दस्तुर र वोलपत्र जमानत दस्तुर तिरेको बैंकको रसिद वा वोलपत्र जमानतको पत्र समेत सग्लग्न गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिनको १२ बजे भित्र यस कार्यालयमा विद्युतीय प्रति वा कार्यालयबाट हार्ड कपी खरिद गरेकाहरूले सबै विधि पुर्याई सिधै कार्यालयमा दर्ता गर्न सक्नेछन्।

५. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरू पेश गर्ने अन्तिम दिनको २:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

६. प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले २० औं दिन दिनको २:०० बजे यस गाउँपालिकाको कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरूले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ। उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ।

७. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघि, रित नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

८. बोलपत्र स्वीकृत भएमा सो को सूचना पठाएको मितिले १५ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र र अन्य सक्कल कागजात समेत लिई कबोल अंकको प्रथम किस्ताबापत पचाश प्रतिशतले हुने रकम अनिवार्य कार्यालयले तोकेको खातामा बुझाउनु पर्नेछ। दोस्रो किस्ताबापत बाँकी पचास प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा २०८० साल आषाढ मसान्तसम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। साथै उक्त दोस्रो किस्ता बाफतको रकम बोलपत्रदाताले मिति २०८० जेष्ठ १५ गतेसम्म गाउँपालिकाले तोकेको बैंक खातामा जम्मा गरिसक्नुपर्नेछ। र उक्त समयमा सो रकम जम्मा नगरेमा फर्मले पेश गरेको बैंक जमानतबाफको रकमबाट गाउँपालिकाले असुल गर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ।

९. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस गाउँपालिकाका नदी तथा नदीहरूको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अङ्ग मानिनेछ।

१०. वोलपत्रदाताले कार्यालयले तोकेको शर्तहरूको अधिनमा रही कार्यालयको कार्यालय प्रमुखबाट प्रमाणित नगदी रसिदको मात्र प्रयोग गर्न पाउनेछ। साथै नदीजन्य पदार्थ उत्खनन् सकलन र विक्री वितरणको मास्केवारी गाउँपालिका कार्यालयमा पेश गर्नुपर्नेछ। साथै गाउँपालिका र अन्य अनुगमन गर्ने निकाय वा अधिकारीले नियमानुसार जुनसुकै बखत अनुगमन गर्न सक्नेछन्।

(**नोट:** विस्तृत जानकारीका लागि यस कार्यालयको www.chaukunemun.gov.np मा समेत हेर्न सकिनेछ वा केही आवश्यक भएमा कार्यालयको मोवाईल नं. ९८५८०४७३३३ मा सम्पर्क राख्न सकिने छ।)

**प्रमुख प्रशासकीय अधिकृत**